**विहादी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**वहाकीठाँटी, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

## सेवा करार सम्वन्धि सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०७६।०७।०६)

यस विहादी गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्था, कृषि सेवा शाखा तथा पशु सेवा शाखामा रहि कार्य गर्ने गरि २०७७ असार मसान्त सम्मको लागि तपशिल बमोजिमका पदमा जनशक्ति आवश्यक परेको हुँदा खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा नियुक्ति गरि पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट गाउँपालिको वेवसाइट : **www.bihadimun.gov.np** मा रहेको ढाँचामा सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त फारम भरि यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/ श्रेणी | सेवा/ समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-०७६/७७ | अ.हे.व सहायक चौथो | स्वा./हे.ई. | ५ | |
| २ | २-०७६/७७ | अ.न.मी.सहायक चौथो | स्वा/क.न/प.हे.न | ६ | |
| ३ | ३-०७६/७७ | सहायक स्तर पाँचौ | कृषि सेवा | १ | |
| ४ | ४-०७६/७७ | सहायक स्तर पाँचौ | पशु सेवा | १ | |
| ५ | ५-०७६/७७ | अ.न.मी.सहायक चौथो | स्वा/क.न/प.हे.न | १ | बर्थिङ्ग |
| ६ | ६-०७६/७७ | अ.न.मी.सहायक चौथो | स्वा/क.न/प.हे.न | १ | रोमिङ्ग अ.न.मी. |
| ७ | ७-०७६/७७ | अ.न.मी/ स्टाफ नर्स | स्वा.ज.न/ प.हे.न | १ | भि.पि. |

**१.** आवश्यक न्युनतम् शैक्षिक योग्यताः
- **क.** अ.हे.व. सहायक स्तर चौथो पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व./हेल्थ असिष्टेन्ट कोर्स वा सो सरह उर्त्तिण गरि नेपाल स्वास्थ्य व्यवसाय परिषदमा दर्ता भएको,
- **ख.** अ.न.मी. सहायक स्तर चौथो पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्स वा स्टाफ नर्स कोर्स वा सो सरह उर्त्तिण गरि नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको,
- **ग.** कृषि सेवा प्राविधिक सहायक स्तर पाँचौ पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि मुल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तिण गरेको,
- **घ.** पशुसेवा प्राविधिक सहायक स्तर पाँचौ तहको पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट भेटेरेनरी मुल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्त्तिण गरेको ।
- **ङ.** विज्ञापन नं. ७-०७६/७७ पदको लागि सम्वन्धित काउन्सिलमा दर्ता भई आई.यु.सि.डि. र इम्प्लान्ट सेवा प्रदान सम्वन्धि तालिम प्राप्त वा एस.वि.ए. तालिम लिई इम्प्लान्टको तालिम प्राप्त हुनुपर्नेछ ।

**२.** संलग्न गर्नुपर्ने कागजातहरुः
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि (स्वास्थ्य), अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि ।

**३.** आवेदन दिने तरीकाः बुँदा नं. १ र २ मा उल्लेख भएका कागजातहरु राखी विहादी गाउँपालिकाको नाममा प्रभु वैंक विहादी शाखामा रहेको संचित कोष खाता नं १७२००२०११४९८४६००००१ मा दाखिला गरि बैंक भौचर संलग्न राखि वा गाउँ कार्यपालिकाको कार्यालयमा नगद बुझाई सक्कल रसिद संलग्न राखि स्वम् उपस्थित भई वा यस गाउँपालिकामा ईमेल मार्फत निर्धारित अवधिमा स्क्यान कपि संलग्न गरि आवेदन दिनुपर्नेछ । साथै एक भन्दा बढि विज्ञापनमा दरखास्त दिन चाहेमा योग्यता पुगेका उम्मेदवारले तोकिएको दस्तुर बुझाई फरक-फरक आवेदनको ढाँचा भरि दरखास्त दिनुपर्नेछ ।

**४.** तलव स्केलः विज्ञापन नं. १-०७६/७७, २-०७६/७७, ३-०७६/७७ र ४-०७६/७७ को कर्मचारी पदपुर्ती र सेवा सम्वन्धि मापदण्ड २०७६ बमोजिम र विज्ञापन नं. ५-०७६/७७, ६-०७६/७७ ७-०७६/७७ को लागि गाउँपालिकाले तय गरे बमोजिम हुनेछ ।

**५.** करार अवधिः २०७७ असार मसान्त सम्म हुनेछ ।

**६.** उमेरः दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

**७.** छनौट किसिमः कर्मचारी पदपुर्ती र सेवा सम्वन्धि मापदण्ड २०७६ आधारमा संक्षिप्त सुचि प्रकाशन पश्चात अन्तर्वार्ता मार्फत हुनेछ । साथै अन्तर्वार्तामा उपस्थित हुँदा बुँदा २ मा उल्लेखित कागजातहरु सक्कलै लिई आउनुपर्नेछ ।

**८.** दरखास्त दस्तुरः पाँचौ तहको लागि रु. ५०० र चौथो तहको लागि रु. ३००

**९.** थप जानकारीको लागि : **९८५७६५०८७१**, ईमेलः **bihadi.ruralmun@gmail.com**

**१०.** कर्मचारी पदपुर्ती र सेवा सम्वन्धि मापदण्ड २०७६, विहादी गाउँपालिकाको वेवसाईटमा रखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**